# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति: २०८१।१०।०४

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघका पूर्वकोषाध्यक्ष सूर्यमणि गौतमलाई मातृशोक परेको दु:खद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध र दु:खी भएको छ। उहाँकी ८१ वर्षीया ममतामयी आमा डिना गौतमको आज दिउँसो ३:४५ बजे प्रदेश अस्पताल कालागाउँ सुर्खेतमा उपचारको क्रममा निधन भएको हो । स्वर्गीय गौतमका महासंघ पूर्वकोषाध्यक्ष सूर्यमणि गौतमसहित २ छोरा र २ छोरी हुनुहुन्छ।

नेपाल पत्रकार महासंघ स्वर्गीय आमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँको आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडी महासंघ पूर्वकोषाध्यक्ष सूर्यमणि गौतमसहित शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामना गर्दै गहिरो समवेदना व्यक्त गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org